मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १८४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ जेठ १० गते सोमवार (Monday, May 24. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

घर भाडामा दिँदा भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको प्रहरी इकाइमा अनिवार्य दिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

अक्सिजन बैंकप्रति राजनीतिक दलहरुको ऐक्यवद्धता र सहयोगको प्रतिवद्धता

अक्सिजन बैंकसँगै प्लान्ट निर्माण र भ्याक्सिनको पहल गर्न सुझाव



बिर्तामोड, जेठ ५। कोरोना संक्रमित बिरामीको उपचारका लागि अक्सिजनको अभाव भइरहेका बेला एकका लागि एक अभियानको अगुवाईमा हुन लागेको अक्सिजन बैंक स्थापना कार्यप्रति झापाका राजनीतिक दलहरुले ऐक्यवद्धतासहित आवश्यक सबै सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

'कोरोना महामारीः अक्सिजन बैंकको स्थापना, व्यवस्थापन र एकका लागि एक अभियानको तयारी' विषयमा शनिबार झापाका राजनीतिक दलहरुबीच भएको संवादमा दलका नेताहरुले ऐक्यवद्धतासहित सहयोगको प्रतिवद्धता जनाएका हुन् ।

संवाद समूह झापाको संयोजनमा भएको छलफलमा संविधानसभाका सदस्य तथा विभिन्न पार्टीका प्रमुखहरुले अक्सिजन बैंक स्थापनासंगै अक्सिजन प्लाण्ट र कोरोनाविरुद्धको भ्याक्सिनका लागि पहल थाल्न एकका लागि एक अभियानसंगै निजी क्षेत्रलाई सुझाव दिएका छन् ।

एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीले अभियानले हालसम्म गरेका काम र आगामी योजनाबारे दलहरुलाई जानकारी गराएका थिए । उनले अभियानलाई सहयोग गरेर महामारीबाट सबैलाई बचाउने कार्यमा सबै क्षेत्रबाट योगदान गर्न आग्रह गरे ।

संविधानसभाका सदस्यहरु सुधिरकुमार शिवाकोटी, दीपक कार्कीसहित दलका प्रमुखहरुले एकका लागि एक अभियानबाट भइरहेको कामको प्रशंसा गर्दै नागरिकको जीवन रक्षाका लागि अभियानबाट भइरहेको पहल अनुकरणीय रहेको बताए ।

नागरिकको जीवन बाँच्न र बचाउनका लागि आवश्यकताको आधारमा अघि बढ्न अभियानकर्मीलाई दलहरुले सुझाएका छन् । संविधानसभाका सदस्य कार्की र नेकपा एमाले झापाका अध्यक्ष चिन्तन पाठकले अभियानको काममा सरकारले सघाउने बताउदै भने- 'अभियानलाई अघि बढाउनुहोस्, सरकार साथमा छ ।' सरकार र नागरिकलाई अभियानको यो कामबाट ठूलो सहयोग पुगेको उनीहरुको भनाइ छ ।

नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाले अक्सिजन बैंकसंगै आजैबाट अक्सिजन प्लान्टका लागि लाग्न र भ्याक्सीन ल्याउने पहल गर्न सुझाए ।

कांग्रेस नेता देउमान थेबे, नेकपा माओवादी केन्द्रका संयोजक मणिकुमार साम्पाङ विजय, जनता समाजवादी पार्टीका अध्यक्ष अनुतसिंह राजवंशी, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

सामान्य औषधिबाटै सङ्क्रमितलाई जोगाउन सकिने दाबी

८० लाखले कोरोनाका कारण ज्यान गुमाए

झापा, जेठ ५। कोरोना महामारीले विश्वभर बितण्डा मच्चाएको झण्डै डेढ वर्ष पुगिसकेको छ । एक वर्षअघिको भयावह अवस्थाबाट ओरालो लागेका मानिए पनि पछिल्ला केही समययतादेखि फेरि कोरोनाको नयाँ भेरियन्टले संसारभरका मानिसलाई गाँज्दै लगेको छ ।

पहिलो चरणको भन्दा दोस्रो चरणको सङ्क्रमण तीव्र गतिमा फैलिइरहेको र बढी सङ्क्रामक रहेको चिकित्सकहरूले बताएका छन् । विश्व स्वास्थ्य सङ्गठनको पछिल्लो अनुमान अनुसार विश्वभर करिब ८० लाख व्यक्तिको कोरोनाका कारण ज्यान गइसकेको छ । अहिलेसम्म कोरोना भाइरसको औषधि पत्ता लागेको छैन । यसको कुनै ठोस उपचार पद्धति पनि फेला परेको छैन । विश्वका वैज्ञानिक र चिकित्सक यसको उपचारबारे अलमलमै छन् । चिकित्सकहरूले सङ्क्रमितमा देखिएको लक्षण अनुसार उपचार गरिरहेका छन् ।

सङ्क्रमित व्यक्तिमा ज्यादा जसो उच्च ज्वरो आउने, रुघाखोकी र श्वासप्रश्वासमा समस्या देखिने गरेको छ । 'भेरियन्ट' कोरोना विषाणुबाट सङ्क्रमित कतिपय व्यक्तिमा अत्यन्तै गम्भीर तथा घातक

लक्षणहरू देखापरेका छन् । नयाँ भेरियन्टको सङ्क्रमण देखिएका व्यक्तिमा अक्सिनजको कमी हुने लक्षण पाइएको छ । अक्सिजनसहितको सघन उपचारको जोहो हुन नसक्दा कतिपय सङ्क्रमितले अनाहकमै ज्यान गुमाइरहेका छन् । नेपाललगायत छिमेकी भारतमा पनि अक्सिजनको अभावमा धेरैले ज्यान गुमाएका समाचार सार्वजनिक भएका छन् ।

औषधि र उपचार पद्धति फेलापरिनसकेको भए पनि उच्च सावधानी र प्रचलनमा रहेका सामान्य औषधिको प्रयोगबाट सङ्क्रमितलाई गम्भीर अवस्थामा पुग्नबाट जोगाउन सकिने उपचारमा संलग्न चिकित्सकहरूको दाबी छ । लामो समय अमेरिकामा रहेर स्वास्थ्य अनुसन्धानमा जुटिरहेका डा. संजिव ह्योजूले अहिले आफूले गरेको अनुसन्धानबाट निस्केको निष्कर्ष अनुसार सङ्क्रमितलाई उपचार गर्न सुझाव दिइरहेका छन् ।

उनका अनुसार सङ्क्रमितलाई गम्भीर अवस्थामा पुग्नबाट जोगाउन सामान्य खालका औषधिको प्रयोग नै प्रभावकारी देखिएको छ । डा ह्योजुले भर्चुअल माध्यमबाट बिरामीको उच्च रक्तचाप, पल्स र अक्सिजन परीक्षणका आधारमा क्लोनिडाइन ट्याब्लेट (लोनिड १००), डेक्जामेथासोन ट्याब्लेड (डेक्जिन) र फामोटिडाइन ट्याब्लेड (फाम-४०) प्रयोग गर्न सुझाइरहेका छन् ।

तीनै थरि औषधिको मूल्य अत्यन्त न्यून रहेको छ । उचित स्वास्थ्य सल्लाहको अभावमा सामान्य अवस्थाका सङ्क्रमितले पनि कडा र महङ्गो औषधि सेवन गर्न बाध्य हुने र त्यसबाट मानवीय तथा आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्था अन्त्य गर्न आफूले सक्दो सहयोग गर्दै आएको उनी बताउँछन् ।

कुलेश्वरका शान्तश्री रत्न वज्राचार्य आफ्नो परिवारका सबै सदस्य सङ्क्रमित भए पनि डा. ह्योजूको सल्लाह र उनले सिफारिश गरेका सामान्य औषधिको प्रयोगबाट विस्तार विस्तारै सङ्क्रमणमुक्त हुनसकेको बताउँछन् । केटाकेटी बाहेक परिवारका सबै सदस्यको स्वास्थ्य अवस्था नाजुक बन्दै गएको

(बाँकी अन्तिम पृष्ठमा)

निर्वाचन अगाडि सबैलाई खोपः प्रम

काठमाडौं, जेठ ५। प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी निर्वाचनभन्दा अगाडि सबैलाई कोराना भाइरसविरुद्धको खोप लगाइने बताएका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतवार आयोजित पत्रकारसँगको अन्तरक्रियामा उनले निर्वाचन अगाडि सबैलाई खोप लगाउने प्रयासमा सरकार जुटेको जानकारी दिए ।

उनका अनुसार खोप ल्याउनका लागि विभिन्न देश र खोप उत्पादकसँग छलफल भइरहेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले सरकारको सिफारिसमा आगामी कात्तिक २६ र मंसीर ३ गते प्रतिनिधिसभाको मध्यावधि निर्वाचन तोकिसक्नुभएको छ । नेपालमा कोभिड-१९विरुद्धको कोभिशिल्ड र भेरोसेल खोप

(बाँकी अन्तिम पृष्ठमा)

निषेधाज्ञा तोड्नेलाई एक बर्ष जेल !

झापा, जेठ ५। सरकारले देशभरी निषेधाज्ञामा कडाई गर्न निर्देशन दिएको छ । विकसित घटनाक्रमलाई मध्यनजर गर्दै भीडभाड नियन्त्रणका लागि गृहमन्त्रालयले यस्तो निर्देशन दिएको हो ।

गृहसचिव महेश्वर न्यौपानेले कोरोना कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा जारी भएको अध्यादेशको कडाइसाथ कार्यान्वयन गर्न सुरक्षा प्रमुखहरूलाई निर्देशन दिए ।

गृहस्थित सुरक्षा महाशाखाका अनुसार भीडभाडलाई पूर्ण निष्तेज गरिएकाले प्रशासन त्यसमा सक्रिय रहने छ । अहिले आइपरेको राजनीतिक घटनाक्रम अनुसार बाहिर हुन सक्ने जुलुस, प्रदर्शन पनि यही अध्यादेश अन्तर्गत पर्नेछन् ।

निषेधाज्ञा कार्यान्वयनमा बाधा अवरोध गर्नेलाई १ वर्षसम्म कैद र ५ लाख वा दुबै सजाय गर्नसक्ने व्यवस्था गरिएको छ । सोही अनुसार कार्यान्वयन गर्न मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गरेको छ ।

अध्यादेश बमोजिम दिइएको आदेश उल्लंघन गरे प्रमुख जिल्ला अधिकारीले तत्काल जरिवाना गर्न सक्नेछन् । व्यक्तिले उल्लंघन गरेमा एक लाख रुपैयाँसम्म जरिवाना, संस्थाले उल्लंघन गरेमा पाँच लाखसम्म जरिवाना गर्न गरिने व्यवस्था गरिएको छ ।

मास्क नलगाएको व्यक्तिलाई प्रहरीले पटकैपिच्छे एक सय, आवतजावत बन्द उल्लंघन गर्दा दुई सय रुपैयाँ, अनुमति बिना सवारी चलाए दुई पाङ्ग्रे सवारीलाई दुई हजार, अन्य सवारीलाई पाँच हजार रुपैयाँ जरिवाना गर्न प्रहरीले सक्नेछन् ।

अध्यादेशविपरीत काम गर्ने संस्था वा व्यवसायलाई सजायको अतिरिक्त प्रमुख जिल्ला अधिकारीले छ महिनासम्म बन्द गरिदिन पनि सक्ने छन् ।

जङ्गली च्याउ खाँदा एकै घरका नौ बिरामी

किमाथाङ्का, जेठ ५। सङ्खुवासभाको सिलिचोङ गाउँपालिका-५ याफूमा जङ्गली च्याउ खाँदा एकै घरका नौजना बिरामी परेका छन् । गत शुक्रबार जङ्गलबाट ल्याएको च्याउ खाँदा सिलिचोङ-५का दुई घरका नौजना गम्भीर बिरामी भएको सो वडाका वडाध्यक्ष ईश्वर कुलुङले जानकारी दिए ।

जङ्गली च्याउ खाँदा बिरामी परेका नौमध्ये आठजनाको अवस्था गम्भीर भएको वडाध्यक्ष कुलुङले बताए । जङ्गली च्याउ खाँदा बुद्धबहादुर राई र आमा बुद्धिमाया राईसहित परिवारका नौजना बिरामी परेको वडाध्यक्ष कुलुङले जनाए ।

त्यस्तै बिरामी पर्नेमा उनका छोरा महेन्द्र, वीरेन्द्र, शहदेव, कान्छी बुहारी, छोरी, नातिनी र नाति रहेका छन् । जङ्गली च्याउ खाएर शुक्रबार रातिदेखि बिरामी परेपछि शनिबार उपचारका लागि जिल्ला अस्पताल सङ्खुवासभा ल्याइएको थियो । जङ्गलबाट टिपेर ल्याएको च्याउ खाएर सुतेपछि मध्यरातबाट परिवारका सबैलाई बान्ता हुन थालेपछि शुक्रबार याफु आधारभूत स्वास्थ्य सेवा एकाइमा भर्ना गरिएको वडाध्यक्ष कुलुङले बताए ।

च्याउ खाने सबै जनाको किड्नी र कलेजोमा बढी समस्या देखिएपछि सुनसरीको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान सिफारिस गरिएको जिल्ला अस्पतालका प्रमुख चिकित्सक सुन्दरश्याम जानकारी दिए ।

कुरुवालाई अस्पतालमै खाना पुऱ्याउँदै मारवाडी युवती

सुरेन्द्र भण्डारी

झापा, जेठ ५। एकातिर कोरोनाको त्रास, अर्कोतिर चर्को गर्मी । अझ घर बाहिर ननिस्कन जिल्ला प्रशासन कार्यालय झापाको आदेश ।

कोरोनाको बढ्दो संक्रमणका कारण चारैतिर सुनसान हुँदा पनि संक्रमितले भरिभराउ छन्- झापाका सबै अस्पताल । उपचारका लागि संक्रमितलाई अस्पताल ल्याइए पनि मर्ने-बाँच्ने कुनै ठेगान नहुँदा संक्रमितका आफन्त आफैं त्रसित छन् । संक्रमितलाई स्याहार्दा-स्याहार्दै आफू पनि संक्रमित हुइने हो कि भन्ने पिर छँदैछ । त्यसमाथि पनि कहाँ खाने, के खाएर प्राण धान्ने भन्ने पिरले गाँजेको छ- संक्रमितका आफन्तलाई । न होटल खुलेका छन्, न त आफन्तले नै संक्रमित परिवारलाई सहज रुपमा खाना खान दिन सक्ने अवस्था छ । अस्पताल नजिकै घर भएका संक्रमितका परिवारले आलो -पालो गर्दै खाना खालान् तर, टाढा-टाढाबाट उपचारका लागि अस्पताल ल्याएका संक्रमितका आफन्त रोगले भन्दा भोकले छट्पटाई रहेका छन्- अहिले झापाका सबैजसो अस्पतालमा ।

मेची प्रादेशिक अस्पताल भद्रपुर होस् या बिर्तामोडको बीएण्डसी वा पूर्णटुङ्ग बिर्तासिटी अस्पताल नै किन नहोस् सबै अस्पतालमा अहिले संक्रमित बेडमा छट्पटाई रहेका छन् भने

संक्रमितका आफन्त भोकले छट्पटाई रहेका छन् । कोरोना संक्रमितका आफन्त भोकले अस्पताल बाहिर छट्पटाई रहेको देखेर बिर्तामोडमा रहेको मारवाडी युवती मञ्चले केही दिन अघिबाट परोपकारी कामको शुरुवात गरेको छ । कोरोना संक्रमितका आफन्त कोही पनि भोकले मर्न नपरोस् भन्दै अस्पताल परिसरमा नै पुगेर मारवाडी युवती मञ्चले निःशुल्क खाना वितरण शुरु गरेको हो ।

मारवाडी युवती मञ्चकी संयोजक मुनमुन अग्रवालको अगुवाईमा अहिले मेची प्रादेशिक अस्पताल भद्रपुरसहित बिर्तामोडको बीएण्डसी अनि पूर्णटुङ्ग बिर्ता सिटी अस्पतालमा खाना वितरण शुरु गरिएको छ । मारवाडी युवती मञ्चले शुरु गरेको यो अभियानमा मारवाडी युवा मञ्चका केही युवाले समेत साथ दिएका छन् । महामारीको यो समयमा आफ्नो ज्यान कसरी जोगाउने भन्ने चिन्ता छँदाछँदै पनि कोरोना संक्रमितका आफन्तलाई मारवाडी समुदायका युवाले गरेको उदाहरणीय कामको अहिले झापामा धेरैले मुक्तकण्ठले प्रशंसा गर्दै आएका छन् । दिनहुँ अस्पताल पुगेर आफूहरुले खाना वितरण गर्दै आएको मारवाडी समुदायका युवा व्यवसायी रितेश अग्रवालले बताए । पहिलो चरणमा एक महिनासम्म बिरामीका आफन्त र कुरुवालाई खाना खुवाउने कार्यक्रम रहेको अग्रवालको भनाइ छ ।

यता मारवाडी युवती मञ्चकी संयोजक मुनमुनले सेवा भावले आफूहरुले खाना वितरण गर्दै आएको बताएकी छन् । खाना खान नपाएर भोकै रहेका बिरामी र बिरामीका आफन्तलाई अस्पतालमा नै पुगेर आफूहरुले निःशुल्क खाना वितरण गरेको उनको भनाइ छ । युवती मञ्चका सात जनाको टिमले अस्पतालमा निःशुल्क खाना पुऱ्याउने काम गर्दै आएको उनले बताइन् । आफू पनि सुरक्षित रहँदै अरुलाई पनि सुरक्षित रहन सल्लाह दिँदै हामीले यो काम गरिरहेका छौं- अग्रवालले भनिन्- ग्रामीण वस्तीमा पनि विपन्न समुदायका नागरिक भोकभोकै छन् भन्ने सुनेपछि अहिले निःशुल्क खानाको व्यवस्थापन गरेका छौं ।

बिर्तामोड नगरपालिकाको सहकार्यमा बिर्तामोड-५को मुसहर वस्तीमा पनि निःशुल्क खाना बितरण शुरु गरेका छौं- अग्रवालले भनिन्- 'यदि कोही मानिस महामारीको यो समयमा भोकै हुनुहुन्छ

(बाँकी अन्तिम पृष्ठमा)

विवाहमा गएका ४४ संक्रमित

पाँचथर, जेठ ५। हिलिहाङ गाउँपालिकाका एकै टोलमा हालसम्म कोरोनाभाइरसबाट ४४ जना सङ्क्रमित भएको भेटिएका छन् ।

हिलिहाङ गाउँपालिका-५ सुभाङको मालबाँसे टोलमा गत शुक्रबारसम्म गरिएको परीक्षणमा ४४ जना सङ्क्रमित फेला परेका हुन् । शुक्रबारमात्रै उक्त वडामा ४३ जनाको एन्टिजेन परीक्षण गर्दा २४ जनामा सङ्क्रमण देखिएको थियो । उनीहरूमध्ये अधिकांश सोही टोलका हुन् । मालबाँसे टोलका विभिन्न उमेर समूहका स्थानीयवासीमा सङ्क्रमण देखिएको छ । यहाँ आयोजित विवाहबाट सङ्क्रमण फैलिएको स्थानीयवासीको अनुमान छ ।

अधिकांश स्थानीयवासीमा ज्वरो, रुघा

(बाँकी अन्तिम पृष्ठमा)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

मोबाइल ! मोबाइल !! मोबाइल !!!

हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि**
साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।

मेची मोबाइल एण्ड एसेसरीज, पुरानो भद्रपुररोड, बिर्तामोड
सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१

बालबालिकालाई घरबाट ननिस्कन चिकित्सकको सुझाव

बिर्तामोड, जेठ ५। कोरोना भाइरस संक्रमणको जोखिम तीव्र गतिमा बढिरहेकाले घरबाट ननिस्कन बालबालिकलाई चिकित्सकले सुझाव दिएका छन् ।

बाल रोग विशेषज्ञ डा. प्रमोदकुमार रोयले बालबालिकाका लागि खोप पनि नबनेको प्रसंग उल्लेख गर्दै उनीहरु अत्यन्त जोखिम समूहमा रहेकाले घरबाट ननिस्कन सुझाएका हुन् ।

'कोरोना महामारी: बालबालिकाको स्वास्थ्यमा प्रभाव, सुरक्षा र सावधानीका उपाय' विषयमा भएको भर्चुअल छलफलमा डा. रोयले घरमा बस्नु नै संक्रमणबाट जोगिने उत्तम उपाय भएको बताए । संवाद समूह झापाले संयोजन गरेको छलफलमा झापासहित खोटाङ, मोरङ, सुनसरी जिल्लाका बाल सञ्जालका प्रतिनिधि, सञ्चारकर्मी, राजनीतिक दलका महिला नेतृहरुको सहभागिता थियो ।

भद्रपुर, बिर्तामोड, गौरादह, हल्दिबारी, कन्काई लगायतका क्षेत्रबाट सहभागी बालबालिकाले चिकित्सकलाई महामारीबाट बच्ने उपायका



सन्दर्भमा विभिन्न जिज्ञासा राखेका थिए । डा. रोयले घरमा बस्दा बालबालिकालाई सेनिटाइजर प्रयोग नगर्न सुझाव दिएका छन् । बालबालिकाको छाला पूर्ण रुपमा विकास भइनसकेको हुनाले सेनिटाइजरले अरु समस्या उत्पन्न गर्ने उनको भनाइ छ । उनले सेनिटाइजरको सट्टा साबुनपानीले हात धुनु सबैभन्दा राम्रो हुने बताए । प्रोटिनयुक्त पोषिलो खानेकुरामा पनि विशेष ध्यान दिन बालबालिका तथा अभिभावकलाई आग्रह गरेका छन् । संक्रमण नियन्त्रणका लागि सरकारले जारी राखेको निषेधाज्ञाको अवधिमा कुनै पनि वहानामा बाहिर हिँड्डुल गर्न तथा छिमेकीकोमा समेत नजान डा. रोयले सल्लाह दिएका छन् । उनी बिर्तामोडस्थित अञ्जली हस्पिटलका बाल रोग विशेषज्ञ हुन् ।

छलफलमा भीमा शिवाकोटी, सावित्रा दाहाल, इन्दू पूर्वेली, कञ्चना ढकाल, कविता बास्तोला, उर्मिला पोखरेल, रञ्जु प्याकुरेल, निता घतानी, सुष्मा राजवंशी, सार्थक निरौला, पार्वता विमली खरेल, शेखर प्रसाईं लगायतले समेत विभिन्न जिज्ञासा राखेका थिए । संवाद समूहका सहजकर्ता अधिवक्ता खगेन्द्र खरेल र बालबालिका तथा शिक्षा सञ्चार मञ्चका संयोजक सरोज पौडेलले छलफलको सहजीकरण गरेका थिए ।

कुरुवालाई ...

नेपालका धेरै ठाउँमा सञ्चालनमा आएको थियो र विपन्न नागरिकलाई राहत मिलेको थियो ।

गत वर्ष बन्दावन्दीको समयमा मारवाडी समुदायका युवाले बाह्रदशी गाउँपालिकाको डाँगीवारीका विपन्न परिवार, कचनकवल गाउँपालिकाको घेरावारी र शिवसताक्षी नगरपालिकाको शिवगञ्जमा समेत राहत वितरण गरेका थिए । यो वर्षपनि बन्दावन्दीको यो समयमा विपन्न नागरिकको खोजी गर्दै मारवाडी समुदायले परोपकारी कार्य गर्दै आएको छ ।

दैनिक पाँच सय जनालाई नि:शुल्क खाना

मारवाडी युवती मञ्चले अहिले बिर्तामोड र भद्रपुरमा रहेका कोभिड अस्पतालमा मात्रै दैनिक पाँच सय जनालाई नि:शुल्क खाना वितरण गर्दै आएको छ । बिर्तामोडमा खाना तयार गर्दै अस्पतालमा खाना बितरण गर्दै आएको मारवायी युवा व्यवसायी प्रवीण अग्रवालले बताए । उनले भने- 'मारवाडी युवती मञ्चले अग्रसरता देखाएपछि हामीले पनि साथ दिएका छौं । गतवर्ष हामीले बन्दाबन्दीको समयमा १० रुपैयाँमा नै खाना वितरण गरेका थियौं त्यो निकै प्रभावकारी भएपछि हामीले शुरु गरेको अभियान देशका विभिन्न भागमा सञ्चालनमा आएको थियो । यो वर्ष मुनमुनको अगुवाईमा मारवाडी युवती मञ्चले परोपकारी काम गर्दै आएको छ, त्यसलाई हामीले सहयोग पुऱ्याउँदै आएका छौं ।'

मध्यरातमा माछा मार्न जाँदा...

मोरङ, जेठ ५। पथरी शनिश्चरे नगरपालिका-८ मंगलबारे का २७ वर्षीय बिनोद पाण्डे माछा पोखरीमा पौडी खेल्ने क्रममा डुबी बेपत्ता भएका छन् ।

शनिबार बेलुका ६ बजे कानेपोखरी-६ स्थित हेरिका निर्माण सेवा प्रालिको माछा पोखरीमा डुबी बेपत्ता भएको खबर प्राप्त भए लगत्तै इलाका प्रहरी कार्यालय पथरीबाट प्र.ना.उ.को कमाण्डमा टोली खटी गई स्थानीयको सहयोगमा खोजतलास भइरहेको बताइएको छ ।

उता भोजपुर अरुण गाउँपालिका-७का २४ बर्षीय युवराज अधिकारी नदीले बगाई बेपत्ता भएका छन् ।

गत राति १२ बजे उनी सोही स्थानको नसुवा र अरूण नदीको दोभानमा ९/१० जना साथीहरुसंग मिलेर माछा मार्ने क्रममा अरूण नदीले बगाई लगी बेपत्ता पारेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी जरायोटारबाट गएको प्रहरी टोलीले खोजतलास गरेको बताएको छ ।

म्याराथन दौडमा सहभागी १६ जनाको मृत्यु

चीन, जेठ ५। चीनमा १०० किलोमिटरको म्याराथन दौड प्रतियोगितामा सहभागी भएका बेला १६ जना प्रतियोगीको मृत्यु भएको छ ।

प्रतियोगितामा सहभागी भएकामध्ये अरु पाँच जना अझै पनि बेपत्ता रहेको र अरु प्रतियोगिहरु भने सम्पर्कमा रहेको अधिकारीहरुले जनाएका छन । चीनको गान्सु प्रान्तमा आयोजना गरिएको १०० किलोमिटरको क्रस कन्ट्री हिमाली म्याराथन दौड प्रतियोगिताका क्रममा यस्तो घटना भएको हो ।

प्रतियोगिता भइरहेको बेला एक्कासी मौसम खराब भएपछि कठांग्रिएर प्रतियोगीहरुको मृत्यु भएको जनाइएको छ । पर्यटकीय क्षेत्रको रुपमा चर्चित बैयीन सहरको जङ्गताइ भन्ने ठाउँमा स्थानीय समय अनुसार शनिबार बिहान ३ बजे यो घटना भएको अधिकारीहरुले जानकारी दिएका छन् ।

मौसम अचानक गडबड भएर प्रतियोगीहरुलाई असर गरेपछि तत्कालै घटनास्थलमा उद्धारकर्ताहरु परिचालन गरिएको थियो । उनीहरुले नै मृतक र घाइतेहरुलाई उद्धार गरेका थिए । घटनामा परी केही प्रतियोगिहरु घाइते भएका र उनीहरुको उपचार भइरहेको अधिकारीहरुले जानकारी दिएका छन् ।

प्रतियोगितामा १७२ जना प्रतियोगी सहभागी भएका थिए । उनीहरुमध्ये अधिकांशको अवस्था सामान्य नै रहेको जनाइएको छ ।

लागूऔषधसहित महिला पक्राउ

मोरङ, जेठ ५। मोरङ बिराटनगर-१७ मटेरुवा चौकबाट लागूऔषधसहित एक जना महिला पक्राउ परेकी छिन् ।

पक्राउ पर्नेमा सुनसरी इटहरी-१की ४१ वर्षीया रेखा न्यौपाने रहेकी छिन् । इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले उनले बोकेको झोलाबाट लागूऔषध डाइलेक्स-डीसी ५० बोतल, नाईट्राभेट १०० ट्याब्लेट, स्पासमो-प्रोक्सिमोन प्लस-४३२ चक्कीसहित नियन्त्रणमा लिएको हो । पक्राउ परेकी उनी उपर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

विवाहमा ...

खोकी, खाना नरुच्ने, शरीर दुख्नेजस्ता समस्या भएपछि स्थानीयवासी समेत रहेका शिक्षक वीरेन्द्र सुहाङको समन्वयमा यहाँका आठ जना बिरामीलाई गत आइतबार प्राथमिक स्वास्थ्य केन्द्र गोपेटार पुऱ्याई एन्टिजेन परीक्षण गरियो । परीक्षणमा सबै जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भयो । त्यसयता गाउँपालिकाले उक्त वडाकै अन्य टोलहरू भालुखोप, अमले, जेभालेमा समेत परीक्षण बढाएको छ । वडाभरीमा हालसम्म ५६ जनामा सङ्क्रमण देखिएको वडा सदस्य राजकुमार पन्धाकले जानकारी दिए ।

मालबाँसे र भालुखोप क्षेत्रमा निकै व्यापक रूपमा सङ्क्रमण फैलिएको हिलिहाङ गाउँपालिकाको स्वास्थ्य शाखाको प्रमुख चन्द्रप्रसाद घिमिरेले बताए । यहाँको स्थिति निकै भयावह छ । घर-घरमा बिरामी हुनुहुन्छ- घिमिरेले भने- कतिपय बुढापाकाले अझैसम्म परीक्षण गर्न मान्नुभएको छैन् । सङ्क्रमण भएपछि जिल्ला समन्वय समितिका प्रमुख विष्णुप्रसाद सापकोटा, गाउँपालिका अध्यक्ष भुवानीप्रसाद लिङदेन, स्वास्थ्य कार्यालयका प्रमुख नारद सुवेदी लगायतले स्थगलत रुपमा निरीक्षण गरेका छन् ।

सङ्क्रमण देखिएका अधिकांशमा गम्भीर समस्या भने देखिएको छैन । सामान्य समस्या भएका कारण सबैजसो स्थानीयवासी नियमित दैनिकीमा फर्किएको स्थानीयवासी युवा दिलकुमार खुदाङले जानकारी दिए । सबैको अवस्था सामान्य रहेकाले नियमित काम गर्न थालेका छौं- उनले भने- समस्या पूरै निको भएको भने छैन । उक्त टोलका अधिकांश स्थानीयवासीमा कोभिड-१९ सँग मिल्ने लक्षण भएका समस्या देखिएका भए पनि कतिले परीक्षण गरेर घरेलू औषधि सेवन गरिरहेका छन् भने कतिपयले परीक्षण नै नगरी रोगसँग जुधिरहेका छन् । तर अब अवस्था सामान्य बन्दै गयो- खुदाङले भने ।

यहाँबाट परीक्षण बाहिर फैलन नदिन सङ्क्रमण फैलिएका टोलहरूलाई सिल गरिनाका साथै नियमित सुरक्षाकर्मी परिचालन गरिएको छ । यहाँ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले आयुर्वेदिक औषधि तथा कोरियामा रहेका स्थानीयवासी युवाको सहयोगमा केही राहत वितरण भएको शिक्षक सुहाडले जानकारी दिए । सङ्क्रमण रोकथामका लागि आजदेखि पुन: परीक्षण थालिएको हिलिहाङ गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

सङ्क्रमणका कारण घरमै बस्नु परेपछि दैनिक ज्याला मजदुरी गर्ने कतिपय स्थानीयवासीलाई दैनिकीमा समेत समस्या परेको स्थानीयवासीले गुनासो गरेका छन् । सङ्क्रमित भएपछि काममा जानसक्ने अवस्था रहेन । कसैले पनि दैनिक मजदुरी गर्नेलाई राहत र सहयोग गरेका छैनन्- स्थानीयवासी युवा मदनकुमार खुदाङले भने- बाहिर बजार पसलमा गएर बाँकी ल्याउन पनि टोलका सबैजसो सङ्क्रमित हुँदा समस्या पऱ्यो ।

निर्वाचन ...

लगाइएका छन् । अहिलेसम्म २१ लाख १३ हजार ८० जनाले खोपको दोस्रो र पाँच लाख १४ हजार २५३ जनाले पहिलो मात्रा लगाएका छन् ।

अक्सिजन ...

केशवप्रसाद ओझाले महामारीका बेला नागरिकको स्वास्थ्य प्रमुख विषय भएकाले अभियानलाई आफ्नो पार्टी जस्तोसुकै सहयोग गर्न तयार रहेको बताए ।

एकका लागि एक अभियानका सहसंयोजक बिनोद बस्नेत, अन्तर्राष्ट्रिय झापाली समाजका वरिष्ठ उपाध्यक्ष नवीन पोखरेल, जिल्ला सहकारी संघ झापाका अध्यक्ष गणेश ढकाल, अभियानका सदस्य सजेस शिवाकोटीले अभियानको कामबारे दलहरुलाई प्रष्ट्याउँदै मानवीय सेवा र सामाजिक कार्यमा निस्वार्थरुपमा लागिरहेको बताए । छलफलको सहजीकरण संवाद समूहको तर्फबाट अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

यस्ता छन् छलफलका निष्कर्ष/प्रतिवद्धता

१) झापा जिल्लामा कोरोना भाईरसको संक्रमण तीव्र बनेको तथा नयाँ प्रजातीका भाइरस समेत देखिन थालेको पुष्टि भैसकेको र उपचारका लागि जिल्लामा अक्सीजनको अभाव रहेकोले आम नागरिकको स्वास्थ्य संवेदनशिलतालाई ध्यानमा राख्दै एकका लागि एक अभियानको अगुवाईमा झापामा हुन लागेको अक्सिजन बैंकको स्थापनाका लागि राजनीतिक दलको तर्फबाट ऐक्यवद्धता सहित सहयोग गर्ने प्रतिवद्धता ।

२) झापामा अक्सिजनको अभाव हुन नदिन र त्यसको दीगो आपूर्ति गर्न जिल्लामै अक्सिजन प्लान्ट स्थापनाका लागि तत्काल पहल थाल्न स्थानीय सरकारको सहभागितामा एकका लागि एक अभियानसहित निजी क्षेत्रलाई सुझाव दिँदै आवश्यक सम्पूर्ण सहयोग, समन्वय गर्ने राजनीतिक दलको तर्फबाट प्रतिवद्धता ।

३) अक्सिजन बैंकको स्थापना, व्यवस्थापन र सञ्चालनमा उत्पन्न हुनसक्ने कानूनी एवम् प्राविधिक समस्याको उचित समाधानका लागि अभियानलाई राजनीतिक दलको तर्फबाट समन्वय र सहजीकरण गर्ने । अक्सीजन बैंक स्थापना र सञ्चालनका लागि अभियानले यथासक्य चाडो कार्य योजना ल्याउन एकका लागि एक अभियानलाई दलहरुबाट आग्रहसहित सुझाव ।

४) कोभिड नियन्त्रण र उपचारका लागि अक्सिजन प्लान्टसंगै भ्याक्सिन उपलब्ध गराउन आवश्यक पहल गर्न एकका लागि एक अभियानसहित निजी क्षेत्रलाई दलहरुको सुझाव तथा त्यसका लागि सहयोग गर्ने दलहरुको प्रतिवद्धता ।

५) कोभिड संक्रमितको उपचारका लागि सरकारी तथा निजी अस्पताल/ प्रतिष्ठानका आकस्मिक कक्ष विभागको दायरा बढाउन आग्रह गर्दै आवश्यक समन्वयका लागि राजनीतिक दलको तर्फबाट थप छलफल र सहजीकरण गर्ने ।

सामान्य ...

र अधिकाँश अक्सिजनसमेत दिनुपर्ने अवस्थामा पुगेपछि आत्तिएका उनीहरूले डा. ह्योजुले सिफारिस गरेका औषधिको सेवन गर्न थाले र त्यसैबाट कोरोना वीषाणुको सङ्क्रमणलाई जित्न सफल भए । बज्राचार्य पहिले आफू सङ्क्रमणमुक्त भए र त्यसपछि परिवारजनको स्याहारमा उनी लागे ।

बज्राचार्यका वृद्धा आमाको देहान्त हुनुअघि गरिएको परीक्षणमा कोरोना पोजेटिभ फेला परेको थियो । डा. ह्योजू अमेरिकाको सिकागो विश्वविद्यालयमा व्याक्टेरिया, भाइरस र इम्यून सिस्टममा विद्यावारिधिकाका लागि शोध गर्दै छन् । कोरोना भाइरसमाथि गरेको गहिरो अनुसन्धान र यसको उपचारमा सङ्गालेको अनुभवको आधारमा डा. ह्योजूले यी औषधिको सिफारिस गरिरहनु भएको छ, जसमा नाम मात्रैको खर्च हुन्छ र खासै झञ्झट बेहोर्नुपर्दैन ।

डा. ह्योजूले 'फि अनलाइन हेल्थ क्लिनिक नेपाल' फेसबुक पेजमार्फत अनलाइनबाटै कोरोना सङ्क्रमितको अवस्था बुझ्ने र सुझाव दिने गरिरहनुभएको छ । आफ्नो सुझाव र औषधिको सेवनबाट थुप्रै सङ्क्रमित गम्भीर अवस्थामा पुगनबाट जोगिएको डा. ह्योजूको दावी छ । रासस

जन्मदिनको शुभकामना

हाम्रा छोरा **पारुहाङ साङपाङ राई (प्रमित)** तेस्रो बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उनको सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै जन्मदिनको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

आमाबुवा: **अमितकुमार +उषा काफ्ले साङपाङ राई**

एवम् **समस्त साङपाङ राई परिवार**

अर्जुनधारा-७, पाराखोपी (झापा)

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

जनहितका लागि

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल दैनिक
Purwanchaldaily.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (५८४४६४२०५५/ ५८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (५८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (५८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-५८४२६५६११२/सञ्जय श्रेष्ठ ५८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

राजनीति, रोग र मुठभेड

विगत पन्ध्र महिनादेखि अदृश्य शत्रु कोरोनासँग लडिरहेका नेपालीले अर्को अनपेक्षित शत्रुसँग लड्नु पर्ने भएको छ । फोहोरी खेल भनिने राजनीतिका खेलाडीको सनकका भरमा हुन लागेको यो लडाइँ जनताका लागि घाउमाथिको नुनचुकबाहेक केही हुनेछैन । आज यतिका दिन बितिसक्दा पनि नियन्त्रणमा आउन नसकेको भाइरसबिरूद्ध साझा युद्ध दल बनाउन नसकेको कारण सामुहिक र सङ्गठित हुन नसक्दा छ हजारभन्दा बढी नेपालीले जीवन त्याग्नु पऱ्यो । विगत एक वर्षभित्र मारिएकाभन्दा बढीले यही बैशाख महिनामै ज्यान गुमाउनु परेको पीडा आफन्त गुमाउन बाध्य भए बाहेकले अनुभूत गर्न सक्दैन । महामारीबिरूद्ध पूर्वतयारी गर्नु पर्नेबेला संसद विघटन गरेर प्रधानमन्त्रीले सङ्कटको आगोमा घिउ थपेको आरोप लागेको छ । त्यसको पक्ष र विपक्षमा उतारिएको जनसभाले जनस्वास्थ्यको अनुशासन उल्लंघन गऱ्यो । राज्यका तर्फबाट आवश्यक तयारी गरिएन, सीमानाकालाई व्यवस्थित गरिएन, उपचार र खोप प्रबन्धमा उचित व्यवस्थापन गरिएन।

अव्यवस्थाका बीच कोरोनाभाइरसले बिस्तारित हुने यथेष्ट मौका पायौ । त्यसले गत एक महिनामै झण्डै तीन हजार जनाको अकारण ज्यान लियो । नयाँ रुप र प्रजाति बनेर फैलिएको कोरोना अहिले ग्रामीण क्षेत्रसम्म पुगिसकेको छ । स्वास्थ्य सेवाको अनुपलब्धता, जनशक्तिको अभाव र स्वास्थ्य मापदण्ड पनि लागू हुन नसक्ने क्षेत्रहरूमा जनताले विद्यमान महामारीबाट कसरी त्राण पाउँछन् यो राज्यको प्राथमिकतामा अझै परेको छैन । यस्तो विषम परिस्थितिमा सरकारको सिफारिसमा राष्ट्रपतिले दोस्रोपटक संसद विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गरेकी छन् । असमय र वेमौसमको यो 'कुम्लो बोकेर ठिमीतिर' को यात्राले जनताको जीवन कसरी रक्षा होला ? अघिल्लो विघटनलाई सर्वोच्च अदालतले असवैधानिक ठहर गरेको सन्दर्भलाई बिर्सिएर प्रधानमन्त्रीले पुनर्स्थापित प्रतिनिधिसभालाई दोस्रोपटक भङ्ग गर्दै महासङ्कटमा मध्यावधि मिसाएका छन् । अकारण बिश्वासको मत मागेर अल्पमतमा परेपछि पनि राजीनामा दिनु पर्ने नैतिक दायित्व समेत पूरा नगर्दै प्रधानमन्त्रीले संविधानका रक्षक मानिने राष्ट्रपतिलाई समेत विवादमा मुछेको भन्दै सर्वत्र आलोचना भइरहेको छ। सरकार प्रमुख नेतृत्वको यस्तो गैरसवैधानिक यात्राले देश र जनतालाई कता पुऱ्याउँछ (!) टुङ्गो छैन।

एकछिन अघि आफूसँग आवश्यक मत संख्या नभएको सार्वजनिक रुपमा स्वीकार गरेका प्रधानमन्त्री केपी ओलीले एकैछिनपछि बहुमत सिद्ध गरेको पत्र राष्ट्रपतिलाई कसरी बुझाए ? राष्ट्रपतिलाई पदको मर्यादा जोगाउन कुन परिस्थितिले रोक्यो र मध्यरातमा मध्यावधि निर्वाचनको घोषणा गर्नु पऱ्यो- यी यस्ता सवाल उब्जिएका छन् । कानून र संविधानका जानकारहरूले राष्ट्रपति र प्रधानमन्त्रीबाट पद, संविधान र विधिको शासनको अवज्ञा गरेको भनी आलोचना भइरहेको सन्दर्भले कोरोनाबिरूद्धको लडाइँलाई कमजोर तुल्याउने अनुमान गर्न थालिएको छ । आमजनतालाई राजनीतिको यस्तो नीति-अनीति, इमान- वेमान, जाल- झेलको खेलसँग लिनुदिनु छैन र हुँदैन। उनीहरूलाई स्वाधीन, स्वतन्त्र भएर गरिखाने वातावरण मात्रै चाहिन्छ । तर , दल र तिनका नेताहरूको शान्त समुद्रमा ढुङ्गा हानेर तरङ्ग उत्पन्न गरेर स्वार्थ पूरा गर्ने अभीष्ट रहन्छ । तर, अहिले सरकार आफैं विपद्का बीच विपक्षीहरूलाई आन्दोलित बनाएर परिस्थितिलाई अझै गम्भीर बनाउन उद्धत देखिएको छ । यसले मुठभेडको अबस्था नल्याओस्, रोगले आक्रान्त पारेको, निषेधले काम गुमेको पीडामा थप पीडा नदिओस् त्यसतर्फ राज्यको गाम्भीर्य देखिनु पर्छ । राजनीतिलाई मागीखाने भाककडो होइन जनताको सेवा गर्ने अस्त्र बनाइयोस्, अन्यथा सार्वभौम जनताले कुनै दिन हिसाब गरेर दण्डित गर्न सक्छन् ।

नेपाली कांग्रेसको मार्गचित्र: चुनावको तयारी

तीर्थराज खरेल

आवधिक निर्वाचनलाई लोकतन्त्रको आत्मा मानिन्छ। नेपालको संविधान २०७२को चुरो भनेको उदार लोकतन्त्र हो। नेपाली कांग्रेस र नेपालका कम्युनिष्ट पार्टीहरु यही उदार व्यवस्थालाई मानेर आएका छन्। नेपालमा लोकतन्त्रका विरुद्धमा पटकपटक षडयन्त्रहरु भएका छन्। बहुदलीय व्यवस्थालाई सैनिकको बलमा दमन गरी २०१७ सालमा दलविहीन निरंकुश तानाशाहीको राज शुरु भएको तीतो इतिहास छ। उग्रवामपंथीहरुबाट प्रत्यक्ष र परोक्ष रुपमा पटक पटक अधिनायकवादको अभ्यास गर्ने असफल प्रयत्न भएको हो, तर त्यस्तो प्रवृत्तिलाई जनताले पटकपटक अस्वीकृत गरेका छन्। देश लोकतन्त्रवादको वैचारिक मार्गमा फर्किएको छ। पछिल्लो दशकको विश्वव्यापी प्रवृत्ति हेर्दा लोकतान्त्रिक पद्धतिमाथि नयाँ शैलीका संकटहरू देखा परेका छन। लोकतन्त्र माथिको अनेकन संकट आवधिक निर्वाचनमार्फत व्यवस्थित हुँदै जान्छन्। विभिन्न बहानामा निर्वाचनलाई अस्वीकार गर्ने र अस्तव्यस्ततालाई निरन्तरता दिने हो भने लोकतन्त्र र जनजीविकाका प्रश्नहरु ओझेलमा पर्ने मात्र होइन, उदार लोकतन्त्रको हत्या हुनसक्छ।

नेपाली कांग्रेस बहुदलीयता, विधिको शासन, आवधिक निर्वाचन, वाक तथा प्रेस स्वतन्त्रतालाई शिरोपर गरेर आफ्ना राजनीतिक गतिविधिहरु गर्ने मुलुकको एक प्रभावशाली दल हो। नेपाली कांग्रेस जन्मँदा बहुदलीय संसदीय व्यवस्था र संवैधानिक राजतन्त्रको दुई खम्बे नीतिमा अडिएको थियो। २००७ सालको राणाशासन अन्त्य र प्रजातान्त्रिक शासनव्यवस्था स्थापनाका लागि सबैभन्दा बढी बलिदान गरेको र अग्रणी भूमिका खेलेको नेपाली कांग्रेस यतिबेला नेपालमा ठूला दुई पार्टीमध्ये एक रहेको छ। तर समकालीन राजनीतिमा नेपाली कांग्रेसको भूमिका स्पष्ट छैन। नेपाली कांग्रेसको वैकल्पिक धारको रुपमा परिचित नेपालका कम्युनिष्टहरु २०४६ सालको जनआन्दोलनपछि सबैभन्दा बढी अस्तव्यस्त र टुट्फुटको श्रृंखलाबाट गुज्रिरहेको आजको अवस्था छ। कम्युनिष्टहरुको अन्तरविरोध शत्रुतापूर्ण अवस्थातर्फ अघि बढिरहेको छ। कम्युनिष्टहरुभित्र झैझगडा, अन्तरकलह र अन्तरद्वन्द्वको आगो सल्केको छ र त्यो विग्रह शत्रुतापूर्ण बन्दै गएको छ। कम्युनिष्टहरु आफ्ना प्रतिष्पर्धीलाई खरानी बनाएर आफ्नो अहम् र महत्वाकांक्षाको नगरा बजाइरहेका छन्। आफ्नै आँगन खनेर जनसेवाको बाटो पुर्ने र आफ्नै घरमा आगो झोसेर आगो ताप्ने प्रवृत्ति झाँगिदो छ। विभाजन र टुटफुटका श्रृंखलाबाट पटकपटक गुज्रिन अभिषप्त नेपालका कम्युनिष्टहरुले फेरि एकपटक एकापसमा कोपारकापर र कोराकोरका दृश्यहरु प्रदर्शन गरिरहेका छन्। यो बेलामा पनि नेपाली कांग्रेस वैचारिक रुपमा अलमलाहट र द्विविधामा हुनु मुलुक, लोकतन्त्र र स्वयम् नेपाली कांग्रेसका लागि अफापसिद्ध हुने स्पष्ट छ। जोडघटाउको समीकरण मिलाउन र सांसदको टाउको गनेर संख्या पुऱ्याउने जस्ता खेलमा अल्झेमा कांग्रेसको फितलो नेतृत्वको निरन्तरता हुनेछ र यसको समग्र प्रभाव राष्ट्रिय राजनीतिमा पनि पर्नेछ। कठिन परिस्थितिमा पनि प्रजातन्त्रका लागि सतिसालझैं उभेको नेकाको हैसियत र प्रस्तुति प्रकारान्तरमा संकुचित, निरर्थक र निष्क्रिय प्रायः किन बन्दैछ भनेर कांग्रेसीजनले विहंगम समीक्षा गर्नुपर्ने अवस्था आएको छ।

चुनावको पक्षमा नेपाली कांग्रेस खुलेर आउन नसक्नुका पछाडि के कारणहरु छन् ? स्वयम् पार्टीभित्रको आपसी खिचातानीमा अल्झिरहनु नै प्रमुख कारण हो। भावी पार्टी सभापति को हो र भावी प्रधानमन्त्री को हो भन्ने दुई मुख्य प्रश्नहरुको गोलचक्करमा नेपाली कांग्रेस उल्झेको देखिन्छ। ती दुवै विषय पद्धतिगत रुपमा नेपाली कांग्रेसले महाधिवेशन र निर्वाचनपछिको संसदीय दलबाट हल गर्न सक्दछ। चुनावमा कसको नेतृत्वमा कस्ता नीति र कार्यक्रमसहित जाने भन्ने कुरामा घोल्लिनुपर्ने नेपाली कांग्रेस

पटकपटक अस्थिरता र विघटनको चक्रव्यूहमा फँसिसकेको संसदलाई व्युँझाएर जोडघटाउ, भागा र गुनामा लाग्नु दुःखद् कुरा हो। कम्युनिष्टहरुभित्र अनेकता र बेमेल बढेर जाओस् भनेर नेकपा माओवादी र नेकपा एमालेको माधव-खनाल समूहसँग सहकार्य गर्नु, मोर्चा निर्माण गर्नु र सडक संघर्षमा जानुको सट्टा नेपाली कांग्रेस अहिले आफ्ना संगठनहरु चुस्तदुरुस्त बनाई निर्वाचनको तयारीमा लाग्नु राम्रो हो। आजको अस्तव्यस्तता, अस्थिरता र अलमललाई निर्वाचनमार्फत हल गर्न सकिने सच्चाइलाई नेपाली कांग्रेसले नबुझ्नेमा मुलुकले अझै दुःख पाउँछ र संघीय गणतन्त्रात्मक लोकतान्त्रिक व्यवस्थाप्रतिको नेपाली जनताको आस्था र विश्वासमा ह्रास आउँछ। अरुको एजेण्डा र मार्गचित्रमा नेपाली कांग्रेस हिँडेमा सबभन्दा धेरै घाटा स्वयम् नेपाली कांग्रेसलाई हुनेछ।

जनताको तल्लो तहसम्म संगठन भएको, विगतमा पटकपटक सत्ताको बागडोर सम्हालेको र आवधिक निर्वाचनलाई सहजै स्वीकार्ने नेपाली कांग्रेस अहिले चुनावमा जान अरुची प्रकट किन गरिहेको छ ? कांग्रेसले बुझ्नुपर्ने कुरा के हो भने कम्युनिष्टहरुले जनमुखी बाटो हिँडेनन् भने र सत्तापक्षले वा सरकारले संविधान, कानुन र ऐनले निर्दिष्ट गरेका मान्यतालाई त्यागेर आफ्नो कर्तव्य छोडेर बाटो बिराएमा चुनावमार्फत वैकल्पिक सरकार दिन नेपाली कांग्रेस अघि सर्नुपर्नेमा उल्टो कम भइरहेको छ। कांग्रेस वक्तव्यबाजी र दौडादौडमा समय व्यतीत गरिरहेको छ। नेपाली कांग्रेसले समयको पदचापलाई सुन्न सकिरहेको छैन। अरुको बैशाखी किन खोजिरहेको छ कांग्रेस ? आफ्नो तागत र ऊर्जालाई सही समयमा सही ठाउँमा सदुपयोग गर्न कांग्रेस चुकिरहेको कुरा घाम जत्तिकै स्पष्ट छ।

नेपालका सबै दलहरुमा गुटउपगुट हुनु र ती समूहबीचमा पद/प्रतिष्ठा प्राप्तिका लागि स्वस्थ र अस्वस्थ होडबाजी हुनुलाई स्वाभाविक मानिन्छ, तर समग्र राष्ट्रिय राजनीतिमा आफ्ना लागि अनुकूल अवस्था आउँदा पनि सम्हालिएर अघि बढ्नुको सट्टा आन्तरिक किचलोमा अल्झिनु कांग्रेसीजनका लागि उत्साहजनक अवस्था निश्चय नै होइन। नेपाली कांग्रेस प्रतिपक्षी भूमिका पनि अब्बल प्रमाणित हुन सकेन। लामो समय सत्तासीन भएर बसेको आदतका कारण यसो भएको हुनसक्छ। दशवर्षे जनयुद्धको समापन र शान्ति सम्झौताको अवधिदेखि कांग्रेसले बाटो बिराएको र अरुको एजेन्डाको पछि दगुरेको प्रतिफल नै आजको अवस्था हो भन्ने धेरै कांग्रेसीको बुझाइ पनि रहेको छ। प्रतिपक्षले सरकारलाई कानूनसम्वत कामका लागि अभिप्रेरित गर्ने हो, नत्र खबरदारी गर्ने हो। तर प्रतिपक्षको भूमिका लामो समयसम्म ओझेलमा पर्दै जानुले लोकतान्त्रिक मूल्य र मान्यताको नै उपहास हुँदै गएको छ।

अहिलेकै अवस्था कायम रहे र नेपाली कांग्रेस उल्झनमा फँसिरहने हो भने कम्युनिष्टहरु विभाजित भए पनि र कम्युनिष्टहरुको सम्बन्ध अझै शत्रुतापूर्ण रुपमा झाँगिदै जाने हो भने पनि नेपाली कांग्रेसले निकट भविष्यमा हुनगइरहेको चुनावमा बहुमत हासिल गर्दैन। वास्तवमा सार्थक भूमिकाका लागि कांग्रेससँग प्रष्ट योजना र स्पष्ट खाका नहुनु दुःखद् पक्ष हो। लोकप्रिय मतमा नेकपा एमालेको हाराहारीमा रहेको नेकाले न जनतालाई वास्तविक गतिविधिमार्फत सहयोग नै गर्न सकेको छ, न जनपरिचालनमार्फत आफ्ना नीति तथा कार्यक्रम तल्लो तहसम्म नै पुऱ्याउन सकेको छ। गैरजिम्मेवार र दायित्वविहीन नभएर आफ्ना सुस्पष्ट कार्यक्रम र कार्ययोजनासहित नेपाली कांग्रेस चुनावको तयारीमा लाग्न जरुरी छ। कम्युनिष्टहरु गल्ती वा कमजोरी गर्छन् र अनि केही गरौंला भन्ने हो भने कम्युनिष्टहरुले त आफ्ना गतिविधि देखाइसकेका छन्। असल पार्टीले अरुका नराम्रा कुराबाट आफ्नो जनमत निर्माण गर्ने होइन, आफ्ना असल कार्यक्रम र व्यावहारिक कार्यदिशा सुस्पष्टताका साथ जनसमक्ष राखेर जनताको मत र मन दुवै जित्नुपर्छ। चुनावमार्फत सरकारमा जान कांग्रेस गृहकार्यमा लाग्न आवश्यक छ र आफूले लिनुपर्ने बाटो, पार्टीभित्रको मतान्तरलाई छलफल र बहसबाट टुंगो लगाएर सुस्पष्ट कार्यदिशासहितको चुनावी तयारी हुनसकेमा कांग्रेसको छबि पनि भ्रमित हुने थिएन र मुलुकले सुस्पष्ट दिशा पनि पाउने थियो। अहिले नै र आज नै कुर्सी प्राप्त गर्ने अभिलाषा त्याग्न जरुरी छ। अहिले नै सत्ता समीकरण र जोडघटाउमा समय बिताउनु कांग्रेसलाई फाइदा हुने विषय होइन। आफू सम्हालिएर आगामी चुनावमा बहुमतसहित सरकार बनाउने उद्देश्य छोडेर ३ वा सोभन्दा बढी पार्टीलाई एउटै धोक्रोमा हालेर सरकार बनाउने अभ्यासमा लाग्नु काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भनेजस्तै हो। प्रजातान्त्रिक आन्दोलनमा अत्युच्च भूमिका निभाएका बीपी कोइरालाको विरासतको रुपमा रहेको नेपाली कांग्रेसमा समस्या आएको घामजत्तिकै प्रष्ट छ। विगतमा जहिले पनि सरकारको पर्याय बनेको नेपाली कांग्रेसमामा नीति, सिद्धान्त, विचारमा आइरहेको विचलन र गलत बुझाइले ह्रासोन्मुख हुँदै गएको स्पष्ट छ।

कांग्रेसलाई आफू अंकगणितमा पछि परेको लघुताभाषले सताउँदो हो, तर सूचना-प्रविधिको उच्च विकास भएको आजको युगमा परिमाणात्मक मात्र होइन, गुणात्मक भूमिकाको पनि मूल्यांकन जनताबाट हुन्छ भन्ने सच्चाइलाई कांग्रेसले बुझ्न सक्नुपर्छ। लोकप्रिय मतमा नेपाली कांग्रेस पछाडि छैन। अरुको घर जलेको ताप्नेहरुको कुनै कमी छैन, आफ्नै घर जलाउनेहरुको संख्या ठूलो छ नेपालमा। तर नेपाली कांग्रेसले आफ्नो घर सुरक्षित राख्ने हो, आफूभित्र बहस, छलफल र स्वस्थ वैचारिक संघर्ष चलाएर पार्टीलाई सुदृढ, एकताबद्ध र भविष्यमुखी बनाउने हो, अरुको घर जलेको आगो तापै हिँड्ने होइन। कम्युनिष्ट विभाजनको आत्मरतिमा रमाउँदारमाउँदै जनताको नजरमा कांग्रेसको छबि उजेलो हुँदैन। प्रजातन्त्रको चिहानमा निर्दलीयताको बीउ रोपेर पञ्चायती व्यवस्था हुर्काउने तत्कालीन राजा महेन्द्रको सामु नभुकीकन, बहुदलीय लोकतान्त्रिक व्यवस्थाको स्थापनाका लागि राजासँग एक इञ्च पनि नलत्रिकन एक दशक बढी जेलमा बिताउने बीपी कोइरालाको आदर्शलाई सम्झने हो भने नेपाली कांग्रेस भ्रमित भएर कुबाटो लागेको भए पनि आत्मसमीक्षा गदै सही मार्गमा आउँदो हो, तर यतिबेला ती सबै आदर्शहरु धुमिल भएका छन्, ती बहादुरी, निष्ठा र समर्पणका इतिहासहरु विस्मृतिको गर्तमा कतै हराइरहेका छन्।

नेपाली कांग्रेस पार्टीले कच्चा राजनीति गर्नुहुँदैन र सत्ताधारी दलमा आएको फाटोले नेपाली कांग्रेसको भूमिका थप निर्णायक बन्नुपर्छ भन्ने कांग्रेसजनको मनोभावना रहेको देखिन्छ। केवल राजनीतिको च्याँखे थापेर कहिले मौका आउँछ भनेर पर्खिरहने भन्दा बढ्दा अहिले कांग्रेसको नेतृत्वले दूरदृष्टिसहित आफ्नो हैसियत, सोचाइ र क्षमता फराकिलो बनाउँदै जनभावनाको कदर गर्नसक्नुपर्छ। यतिबेला कांग्रेसजनमा अनुकूल अवस्थामा पनि कांग्रेसले अवसरको उपयोग गर्न सक्दैन कि भन्ने विश्वासको संकटको स्थिति सिर्जना भएको छ। यो अवस्था बढो जटिल र गम्भीर छ। सत्तालोलुपतामा होइन, नेपाली समाजको बदलिँदो सामाजिक-आर्थिक परिवेशमा संविधानले निर्दिष्ट गरेको राज्य सञ्चालन र संरचनाको वैधता स्थापित गर्न आवश्यकताको जिम्मेवारी नेपाली कांग्रेसले लिन आवश्यक छ। नेकपा एमालेलाई हराउन त्यति सहज छैन। चुनाव सन्निकट छ। कोभिडको कारणले मसिरमा नभए चैत्र वा बैशाखमा चुनाव हुन्छ। अरुको बैशाखी र आडभरोसाभन्दा आफ्नै पहलकदमीमा आफूभित्रका अनेकता र अस्वस्थ प्रतिष्पर्धालाई थाँती राखेर कांग्रेसले आफ्नै मार्गचित्र बनाउन आवश्यक छ। कांग्रेसको कार्यनीति आगामी चुनावको तयारी हुनुपर्छ र अबको दिशा बहुमतसहितको एकल सरकार बनाउने हुनुपर्छ। तर, आशंका छ-यस्तो होला, नहोला।

tirthakharel2028@gmail.com

स्थानीय तहको ४ वर्ष र आगामी अवस्था

उदय मैनाली

स्थानीय निर्वाचन भएर संघीय संरचना अनुसार ७५३ सरकार बनेको पनि चार वर्ष पूरा भएको छ। गाउँ-गाउँमा सिंहदरबार पुगेका छन्। सिंहदरबार पाएपछि नागरिकले ठूलो आशा गरेका थिए। आफ्नै आँगनमा राज्यका सबै सेवासुविधाको आशा गरेका नागरिकका ती आशा पूरा भए ? वा नागरिकले आशालाई गाउँगाउँ पुगेका सिंहदबारले पूरा गरे त ? यो समीक्षाको विषय भएको छ।

स्थानीय सरकारलाई प्रजातान्त्रिक सुशासनको आधारका रूपमा लिइन्छ। अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम लिंकनको भनाइ सापटी लिने हो भने प्रजातन्त्र भनेकै नागरिकको, नागरिकका लागि र नागरिकद्वारा गरिने शासन व्यवस्था हो। मुलुकमा लोकतन्त्र हुँदै गणतन्त्र आइसकेको छ। संविधानसभाद्वारा नयाँ संविधान पनि बनिसकेको छ। यसले मुलुकमा तीन तहको सरकारको परिकल्पना गरेको छ। सोही अनुसार संघीय (एक), प्रादेशिक (सात) र स्थानीय सरकार (७५३) बनिसकेका छन्। यसपछि एउटा वाक्य पनि सर्वस्वीकार्य भइसकेको छ, 'गाउँगाउँमा सिंहदरबार'। यस अर्थमा २९३ नगरपालिका र ४६० गाउँपालिका 'गाउँका सिंहदरबार' बनेर नागरिकलाई 'सुशासन' प्रदान गर्दै उनीहरूको रुची, आवश्यकता र मागअनुसार विकास र सेवा गरिरहेका छन्। यद्यपि विश्व परिवेशलाई हेर्ने हो भने नेपालको स्थानीय सरकारको अवधारणा नयाँ भने होइन।

तर नियम कानुन नै बनाइ मनपरि काम गरे, अनावश्यक कार्यकर्ता भर्ती केन्द्र बनाए, भ्रष्टाचार अनियमितता मौलाएको र नागरिकको थाप्लोमा करको भारी हालिदिएको जस्ता धेरै आरोप स्थानीय सरकारहरूलाई लागेको छ। के सिंहदरबार पुगेपछि नागरिकको हितका काम नभएकै हो त ? कतिपय स्थानीय तहले उदाहरणीय काम पनि गरेका छन्। पूर्वाधार निर्माणमा धेरै परिवर्तन भएको छ। पहिलो लहरको कोरानाका कालमा स्थानीय तहको ठूलो भूमिका खेलेको भनेर प्रशंसा पनि भएको छ। दोस्रो लहरमा पहिलो जति काम गर्न नसकेको भए पनि नागरिकको थोरबहुत भरोसा अहिले स्थानीय सरकार नै भएको छ।

संविधान बनेपछिको पहिलो स्थानीय तहको निर्वाचन नेकपा एमाले ठुलो शक्तिका रूपमा उदाएको थियो। निर्वाचन आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले स्थानीय निर्वाचनमा एमाले पहिलो, कांग्रेस दोस्रो र माओवादी तेस्रो पार्टी भएको बताए। 'स्थानीय तहमा सबैभन्दा धेरै स्थान एमालेले जितेको हो'-

प्रवक्ता श्रेष्ठ भन्छन्। स्थानीय तहका ७ सय ५३ प्रमुख/अध्यक्ष, ७ सय ५३ उपप्रमुख/उपाध्यक्ष, ६ हजार ७ सय ४२ वडाध्यक्ष र २६ हजार ९ सय ७० वडासदस्य पदका लागि निर्वाचन भएको थियो। त्यसमा २ सय ९४ प्रमुख/अध्यक्ष, ३ सय ३१ उपप्रमुख/उपाध्यक्ष, २ हजार ५ सय ६० वडाध्यक्ष र १० हजार ९ सय १२ सिट जितेर एमाले पहिलो बनेको थियो। दोस्रो स्थानमा कांग्रेसले २ सय ६६ प्रमुख/अध्यक्ष, २ सय २३ उपप्रमुख/उपाध्यक्ष, २ हजार २ सय ८६ वडाध्यक्ष र ८ हजार ६ सय ७९ वडासदस्य जितेको निर्वाचन आयोगको तथ्यांकले देखाउँछ।

माओवादी केन्द्रले कांग्रेससँग समीकरण गर्दा १ सय ६ प्रमुख/अध्यक्ष जित्यो। १ सय ११ उपप्रमुख/उपाध्यक्ष, १ हजार १ सय २ वडाध्यक्ष, ४ हजार १ सय २३ वडासदस्य निर्वाचित भएको देखिन्छ। तत्कालीन संघीय समाजवादी फोरम नेपालबाट ३४ प्रमुख/अध्यक्ष, ३२ उपप्रमुख/उपाध्यक्ष, २ सय ६२ वडाध्यक्ष र १ हजार १ सय ११ वडा सदस्य निर्वाचित भए। तत्कालीन राष्ट्रिय नागरिक पार्टी नेपालले २५ प्रमुख/अध्यक्ष, ३० उपप्रमुख/उपाध्यक्ष, १ सय ९५ वडाध्यक्ष र ८ सय ६२ वडा सदस्य जितेको थियो। तत्कालीन नेपाल लोकतान्त्रिक फोरमले ९ प्रमुख/अध्यक्ष, ८ उपप्रमुख/उपाध्यक्ष, ८८ वडाध्यक्ष र ३ सय ५६ वडासदस्य जितेको थियो। उक्त पार्टीले पछि कांग्रेससँग एकीकरण गरेको थियो। यो संख्या जोड्दा अध्यक्ष/प्रमुखमा कांग्रेसको २ सय ७५ हुन्छ।

दोस्रो कार्यकाल सफल बनोस् : अब पनि स्थानीय तहका प्रतिनिधि इमान्दार, सक्षम, विकास प्रेमी र जिम्मेवार हुन सकेनन्, सामुदायिक हितभन्दा दलगत वा व्यक्तिगत हितमा लागे भने, र यसमा जनता आफैंसमेत सचेत हुन सकेनन् भने अब जोगाउने कोही हुने छैनन्। प्राप्त अवसरहरू गुम्नेछन्, समग्र व्यवस्था नै असफल हुनेछ।

तर, हामी आशावादी भने हुनुपर्दछ। आजको नेपाली समाजले इमानदार, कर्तव्यनिष्ठ र दूरदृष्टियुक्त नेतृत्व खोजेको छ। विश्वव्यापीकरण, सूचना प्रविधिको विकास, चेतनास्तरको परिवर्तनले आज नेतृत्व भन्दा जनता दुई कदम अगाडि छन्। राजनीतिको नाममा जनता ढाँट्ने, छलकपटी गर्ने, उनीहरूको गरिबी र अशिक्षासँग खेल्ने, अन्धकारमा राखेर आफ्ना अभीष्ट पूरा गर्ने दिन अब गइसके। त्यस तर्फ सबै सचेत हुनुपर्दछ, सकारात्मक सोचका साथ अघि बढ्नुपर्छ। शिक्षा, स्वास्थ्य, रोजगारी लगायत क्षेत्रमा सुधार गर्दै समग्र विकासमा इट्टाहरू थप्नुपर्ने जिम्मेवारी हाम्रै काँधमा छ।लगभग ४ बर्षे कार्यकाल सकिन लग्दा पक्कै पनी जनताले आऊने स्थानीय सरकार कस्तो चून्ने भनेर सोचेको हुनु पर्छ।

कोरोना कहर

जोखिममा गर्भवती र सुत्केरी

झापा, जेठ ५। जिल्लामा कोरोना कहरको सबैभन्दा बढी मारमा गर्भवती र सुत्केरी परेका छन् । विश्वभर फैलिइरहेको कोरोना भाइरसको सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि अहिले देशका केही बाहेक सबै जिल्लामा निषेधाज्ञा जारी छ । निषेधाज्ञाका कारण यो समयमा धेरैलाई समस्या छ, त्यसमा पनि गर्भवती तथा सुत्केरी महिलाहरू भने सबैभन्दा बढी समस्यामा परेका हुन् ।

गर्भवतीलाई नियमित गर्भ परीक्षण गराउन नपाउँदा र सुत्केरीलाई घरैमा प्रसूती गराउँदा हुने प्रश्रव पीडा र आवश्यक स्याहार प्राप्त हुन नसक्दा उनीहरू शारीरिक मात्रै होइन मानसिक समस्यामा समेत परेका छन् ।

ओखलढुंगाको मानेभञ्ज्याङ्ग गाउँपालिका-१ मोलीकी भगवती थापा मगरलाई कोरोनाको सङ्क्रमण बढेसँगै यो सङ्क्रमण गाउँघरसम्मै फैलिने चिन्ता त छँदैछ । त्यो भन्दा पनि ठूलो चिन्ता त निषेधाज्ञाको प्रभावले गर्दा प्रसूतिका लागि स्वास्थ्य संस्थासम्म जान सहजै सवारी साधन नपाउने तथा स्वास्थ्य संस्थामा सहज सेवा पाइदैन कि भन्नेमा छ । स्वास्थ्यकर्मीले उनको प्रसूति हुने अन्तिम मिति यहि जेठ २२ गतेको दिएका छन् । 'अब पोषिलो खाने कुरा, फलफूल किन्न बाहिर जान पनि समस्या छ । घरमै भएको खानेकुरालाई मिलाएर खाने गरेको छु'- उनले भने- 'पछि स्वास्थ्य संस्थासम्म जाने बेलामा समयमा यातायात सहजै पाए त हुन्थ्यो । फेरि कोरोनाको डरले स्वास्थ्य संस्थामा पनि राम्रो सेवा पाइदैन कि भन्ने लाग्छ ।' उनको जस्तो समस्या जिल्लाका सबैजसो गर्भवती र सुत्केरी महिलाहरूमा छ ।

स्वास्थ्यकर्मीले मोलङ्ग गाउँपालिकाको राँगादिपकी याडदु शेर्पालाई प्रसूति हुने मिति जेठ १९ गतेलाई दिएका छन् । निषेधाज्ञाको पालना गरेर बसेकी उनी गाउँघरमा पाइने सागसब्जीको सेवनलाई बढाएर पौष्टिक आहारको मात्रा पुऱ्याउने प्रयत्न गरिरहेकी छिन् । पहिलो सन्तान सामुदायिक अस्पताल ओखलढुंगामा जन्माएकी उनलाई दोस्रो सन्तान पनि अस्पतालमै जन्माउन मन छ । कोरोनाको कहर र निषेधाज्ञाका कारण समयमा अस्पताल पुग्न नसकिने हो वा अस्पतालमा झन जोखिम मोल्नुपर्ने हो कि भन्ने उनलाई लागिरहेको छ । 'पहिलो नानी अस्पतालमा जन्माएकोले सजिलो भयो, सुरक्षित पनि भयो । यो पनि अस्पतालमै जन्माउने चाहना छ'- उनले भने- 'तर अस्पतालमा कोरोनाका बिरामी धेरै

हुने भएकाले झन सङ्क्रमणले छुन्छ कि भन्ने डर पनि छ । फेरि अहिले त गाडीहरू चल्न दिएको छैन कसरी अस्पताल जानु ?' जिल्लामा एम्बुलेन्स अभाव भएकाले भाडाका सवारी चल्न नपाउँदा बिरामीलाई अस्पताल जान समस्या छ ।

जिल्लाको लिखु गाउँपालिका-१की गर्भवती सिर्जना बोगटीलाई पनि निषेधाज्ञाले प्रभाव पारेको छ । उनलाई स्वास्थ्यकर्मीले असारको पहिलो साता प्रसूति हुने समय दिएका छन् । शारीरिक रूपमा स्वस्थ रहे पनि मानसिक रूपमा कोरोनाको हल्लाले तनाव थपेको उनको भनाइ छ । कोरोनाको जोखिममा गर्भवती र सुत्केरी रहने भन्ने सुनेकी उनले गर्भजाँच गर्न जान समेत जान छाडेकी छिन् । 'गर्भवती र सुस्केरी महिलाहरूलाई कोरोनाको छिटो प्रभाव पार्छ भन्छन् । सकेसम्म त घरमै बसेर सतर्कता अपनाएको छु'- उनले भनिन्- 'स्वास्थ्य जाँच गराउन जान पनि डर लाग्छ । गाउँमा यातायातको सुविधा छैन प्रसूति हुने समयमा स्वास्थ्य संस्था जान पनि स्टेचरमा लैजानुपर्छ यातायातको सुविधा भए त कति राम्रो हुन्थ्यो ।' स्वास्थ्य संस्थाहरूको तथ्याङ्कअनुसार गर्भजाँच गराउन आउनेको सङ्ख्या पनि कोरोना कहरपछि घटेको छ ।

खिजीदेम्बा गाउँपालिका-८ रावादोलुकी अस्मिता सुनुवारलाई पनि कोरोना सङ्क्रमण तीव्र रूपमा फैलिइरहेका बेला अब के होला भन्ने चिन्ता छ । अस्पताल तत्काल जानुपर्ने भयो भने आफूहरूको ठाउँबाट भनेको समय यातायातको सुविधा नपाइने उहाँले सुनाउनुभयो । स्वास्थ्य संस्थामा सुरक्षित प्रसूति सेवा लिन जानपनि डराउनु परेको उनको भनाइ छ । स्वास्थ्य संस्था जान डराउनु परेपछि हाम्रो अरु के विकल्प हुन्छ र ? कि घरैमा जोखिम लिनुपर्छ कि जे होला भनेर स्वास्थ्य संस्था पुग्नुपर्छ । त्यो पनि अरुलाई स्टेचरमा बोकाएर जानुपर्ने अवस्था आयो भने झन् कोरोनाको जोखिम हुनसक्छ । जिल्लाका अधिकांश ग्रामीण सडकहरू वर्षाको समयमा हिलाम्मे हुने भएकाले सवारी आवागमन बन्द हुन थालिसकेको छ ।

समयमा गर्भजाँच गर्न नपाउनु, किनमेल गर्न नपाउँदा पोषिलो खाना खान नपाउनुलगायतका समस्या त छँदैछन् । कोरोनाको सङ्क्रमण बढेसँगै जिल्लाका गर्भवती तथा सुत्केरीहरूले सुरक्षित मातृत्व सेवा समेत सहज रूपमा लिन सकेका छैनन् । स्वास्थ्य संस्था सुरक्षित छ भन्ने पूर्ण विश्वास नहुँदा नियमित गर्नुपर्ने गर्भ जाँच रोकिएको छ । घर बाहिर निस्कन डराउँदा महिलाहरू नियमित परीक्षण तथा सेवाका लागि नजानु तथा यो बेला स्वास्थ्य संस्था सुरक्षित छ भन्ने पूर्ण विश्वास नहुँदा पनि थुप्रै गर्भवती तथा सुत्केरीहरूले सेवा लिन नआउने गरेको स्वास्थ्य चौकी कञ्दुजेकी सिनियर अनमी अस्मिता श्रेष्ठ बताउँछिन् । गर्भवतीले धेरै चिन्ता लिँदा गर्भमा भएको बच्चालाई समेत असर पर्ने भन्दै यो समयमा गर्भवती तथा सुत्केरी महिलाको स्याहारसुसारमा परिवारका सदस्यहरूले विशेष ख्याल गर्नुपर्ने उनको भनाइ छ ।

घरैमा सुत्केरी भएका महिलालाई पनि स्वास्थ्यमा समस्या देखिन थालेको छ । स्वास्थ्य संस्था जान डर लागेर घरैमा सुत्केरी गराउँदा उच्च रक्तश्राप भएपछि झन समस्यामा परेको खिजीदेम्बाकी एक सुत्केरी महिला स्वास्थ्य संस्थामा भर्ना हुनुपरेको छ । पहिला स्वास्थ्य चौकीमा जान डराएर घरैमा सुत्केरी गराइयो पछि स्वास्थ्यकर्मीकै सहारा चाहिने भएर श्रीमतीलाई स्वास्थ्य चौकीमा लगियो- नाम नबताउने सर्तमा सुत्केरीका श्रीमान्ले भने- बच्चा जन्माउने समस्या त थियो नै घरैमा हुँदा झन् अरु पनि समस्या थपिए । भन्न पनि लाज हुन्छ, बुझेरै पनि जोखिम लिइयो अहिले झन् समस्या बढ्यो । स्वास्थ्यकर्मीको निगरानी बेगर प्रसूति गराउँदा मातृशिशु मृत्युदर बढ्ने जोखिम छ ।

जिल्लाका सबै ७५ वटै वडामा स्वास्थ्य चौकी र स्वास्थ्यका इकाइहरू छन् । जिल्लाका अधिकांश स्वास्थ्य चौकीमा प्रसूति गृह सञ्चालनमा छन् । स्थानीय तहमा स्वास्थ्य शाखा सक्रिय छन् । तर स्वास्थ्यकर्मीहरू कोरोना विरुद्धको अभियानमा केन्द्रित भएकाले गर्भवती र सुत्केरी महिलाको स्वास्थ्य सवाल पेचिलो बन्दै गएको छ । बाह्र वटा वडा रहेको सिद्धिचरण नगरपालिकामा ११ वटा स्वास्थ्य चौकी छन् । नगरपालिकाभित्र रहेका स्वास्थ्य चौकीहरूमध्ये छ वटा स्वास्थ्यचौकीमा बर्थिङ सेन्टर स्थापना गरी सञ्चालनमा रहेकोले पनि स्वास्थ्य संस्थामा प्रसूति गराउन सहज हुने सिद्धिचरण नगरपालिकाका जनस्वास्थ्य अधिकृत पवनकुमार लामा बताउँछन् ।

आफूहरू सङ्क्रमणको बेला महिला र बालबालिकाको क्षेत्रमा पनि सम्वेदनशील भएर सेवा प्रवाहमा जुटेको उनको भनाइ छ । स्वास्थ्य संस्था सुरक्षित हुने भएकाले ढुक्कले सेवा लिन र घरैमा जोखिम नलिन उनको आग्रह छ । गर्भवती र सुत्केरी अवस्था उसैपनि जटिल मानिन्छ । कोरोनाको कहरका बेला उहाँहरू बढी सचेत र सुरक्षित त हुनुपर्छ तर स्वास्थ्यकर्मीसँग डराएर घरैमा जोखिम उठाउनु हुँदैन- लामाले भने- स्वास्थ्य संस्था सङ्क्रमण मुक्त बनाइएको हुन्छ । स्वास्थ्यकर्मीहरूले स्वास्थ्यका मापदण्ड अपनाएर सेवा दिन्छन् । त्यसैले नियमित गर्भजाँच र सुरक्षित प्रसुति सेवा लिन नछाड्नुहोला । नियमित गर्भजाँच र स्वास्थ्य संस्थामा सुत्केरी गराउँदा आमा र शिशुको स्वास्थ्यमा खतरा नहुने उनको सुझाव छ ।

कोरोनाको कहर र निषेधाज्ञाको प्रभाव यतिबेला नेपालको मात्र नभएर विश्वभरको साझा समस्या हो । मानव स्वास्थ्यमा गर्भवती तथा सुत्केरी अवस्था विशेष मानिन्छ । त्यो अवस्थामा शारीरिक तथा मानसिक रूपमा स्वस्थ हुनुपर्छ । स्वास्थ्यकर्मीको नियमित निगरानीमा रहेर गर्भजाँच गराउन नपाउँदा पेटमा भएको शिशुमा कुनै समस्या हुने हो कि भन्ने गर्भवतीहरूमा पिरलो पनि छ ।

सुत्केरी गराउन कसरी स्वास्थ्य संस्थामा लैजाने भन्ने समस्या एकातिर छ भने अर्कातिर गर्भमा रहेको बच्चालाई असर पर्ने हो कि भन्ने चिन्ता छ । चिकित्सकका अनुसार यो समयमा खानपान, सरसफाईसँगै आफ्नो बच्चाको सुरक्षामा ध्यान दिनुपर्छ । यो समयमा फुर्सदमा रहेका परिवारका सदस्यहरूले गर्भवती तथा सुत्केरी र नवजात शिशुको स्याहारसुसारमा विशेष ख्याल गर्नु आवश्यक छ । स्वास्थ्यकर्मीहरूले पनि आफू कार्यरत क्षेत्रमा रहेका गर्भवती तथा सुत्केरी महिलाको सहजताको लागि नियमित गर्भ जाँच लगायतका कुराहरूमा थप सहयोग गर्नुपर्ने आवश्यता बढेको छ । त्यस्तै स्थानीय सरकारहरूले पनि यी समस्यामा विशेष ध्यान दिनु अति जरुरी देखिन्छ ।

मेची अस्पतालमा रि-एजेन्ट किट अभाव

पीसीआर परीक्षण अनिश्चितकाल बन्द

झापा, जेठ ५। मेची अञ्चल अस्पताल भद्रपुरमा पीसीआर परीक्षण अनिश्चितकालका लागि बन्द गरिएको छ ।

अस्पतालमा पीसीआर किट (रि-एजेन्ट) को अभाव भएसँगै शनिवारदेखि पीसीआर परीक्षण अनिश्चितकालका लागि बन्द गरिएको अस्पतालका सूचना अधिकारी मनोज पोखरेलले जानकारी दिए । दोस्रो लहरको नयाँ भेरियन्टको कोरोना संक्रमण समुदायस्तरमा फैलिएसँगै मेची अस्पतालमा पीसीआर परीक्षण गराउन आउनेको संख्या ह्वात्तै बढेको थियो ।

दैनिक दुई सय जना बढीले कोरोना संक्रमण भए वा नभएको भन्दै पीसीआर परीक्षण गराउन अस्पताल आउने गरेको सूचना अधिकारी पोखरेलले बताए । 'पीसीआर परीक्षण गराउने आउनको संख्या बढ्नु तर, त्यस अनुसारको अस्पताललाई पीसीआर किट (रि-एजेन्ट) उपलब्ध नहुँदा सेवा बन्द गर्नु परेको हो'- उनले भने ।

अघिल्लो वर्ष स्वीस सरकारले उपलब्ध गराएको अत्याधुनिक पीसीआर मेसिन एक नम्बर प्रदेश सरकारले मेची अस्पताललाई हस्तान्तरण गरेका थिए । मेचीको पीसीआर मेसिन अत्याधुनिक खालको भएको र यसले एक पटकमा ९० वटा स्वाबको परीक्षण गर्न सक्छ । त्यसैले यस मेसिनलाई चाहिने रि-एजेन्ट किट बजारमा किन्न पाइदैन- सूचना अधिकारी पोखरेलले भने- 'यो किट सरकारले नै मगाउने हो, प्रदेश १ सामाजिक विकास मन्त्रालयसँग पनि किट छैन ।'

मन्त्रालयले सात दिनअघि पाँच सय किट उपलब्ध गराएको बताउँदै उनले भने- 'त्यो किट तीन दिनमै सक्यो, अब किट आएपछि मात्र परीक्षण शुरु हुन्छ ।'

मेचीमा पीसीआर परीक्षण बन्द भएपछि बिरामीलाई समस्या उत्पन्न भएको छ । झापासहित ताप्लेजुङ, पाँचथर र इलाम जिल्लामा सङ्कलित स्वाब ल्याएर मेचीमै पीसीआर परीक्षण गरिन्थ्यो । अब जिल्लाको कनकाई नगरपालिकास्थित कोटीहोमको पीसीआर ल्याबमा मात्र पीसीआर परीक्षण गरिँदैछ ।

एकैदिन १५० जना सगरमाथा चढे

काठमाडौं, जेठ ५। वसन्तयामको जारी सगरमाथा आरोहण क्रममा आज एकै दिन झण्डै १५० आरोहीले सगरमाथा आरोहण गरेका छन् ।

आरोहणका लागि अनुकूल मौसम भएपछि शनिबार राति चुचुरातर्फ लागेका १५० भन्दा बढी आरोही आज बिहान सगरमाथाको शिखरमा पुगेको आधार शिविरमा रहनुभएका सम्पर्क अधिकृत ज्ञानेन्द्र श्रेष्ठले जानकारी दिए ।

पर्यटन विभागबाट खटिएका सम्पर्क अधिकृत श्रेष्ठले रासससँग कुरा गर्दै अहिलेसम्म १५० भन्दा बढीले आरोहण गरेको खबर आएको बताए । मौसम राम्रो भएकाले उल्लेख्य सङ्ख्याका आरोही चुचुरातर्फ गएका थिए, १५० भन्दा बढीले आरोहण गरिसकेको खबर आएको छ, अझै केही आरोहण जारी छ- उनले भने । मौसमले साथ दिए आगामी २८ र २९ तारिख सर्वाधिक आरोहण हुने जनाइएको छ ।

अहिले विश्व कीर्तिमानी कामीरिता शेर्पा २६औं पटकको आरोहणका लागि आधार शिविरमा छन् । अझै पनि बाक्लो सङ्ख्यामा आरोही सगरमाथा आरोहणका लागि आधार शिविरमा रहेका सम्पर्क अधिकृत श्रेष्ठले बताए ।

यसअघि प्रतिकूल मौसमका कारण एक साता सगरमाथा आरोहण प्रभावित बनेको थियो । वसन्तयामको जारी आरोहणका क्रममा पूर्वीमध्य अरब सागरमा रहेको शक्तिशाली चक्रवात ताउकेका कारण नेपालको मौसम विग्रिएपछि सगरमाथासहितका हिमाल आरोहण प्रभावित बनेको थियो ।

वसन्तयामको सगरमाथा आरोहण गत वैशाख २४ गतेदेखि शुरु भयो । कामिरिता शेर्पा नेतृत्वको १२ जनाको टोलीले सगरमाथाको चुचुरामा पुगेर डोरी टाँगे (रोप फिक्सिङ) सँगै सगरमाथाको व्यावसायिक आरोहण शुरु भएको थियो । पर्यटन विभागले सगरमाथाका लागि सर्वाधिक ४३ आरोही समूहलाई आरोहण अनुमति दिएको छ । यो सङ्ख्या सन् २०१९ को वसन्तयामको भन्दा बढी हो ।

झण्डै ९,००० जनामा 'कालो ढुसी' को संक्रमण

झापा, जेठ ५। भारतमा म्यूकोर्माइकोसिस अर्थात् 'कालो ढुसी' को सङ्क्रमण भएका ८,८०० जनाभन्दा बढी बिरामी फेला परेका छन् ।

प्रायः दुर्लभ मानिने यो रोग अहिले प्रकोपका रूपमा फैलिरहेको छ । कोभिड भएर निको हुके क्रममा रहेका मानिसहरू यसबाट पीडित भएको पाइएको छ ।

यो रोगमा मृत्युदर ५० प्रतिशत भएको बताइन्छ । सङ्क्रमितलाई जोगाउन शल्यक्रिया गरेर आँखा फाल्नुपर्ने अवस्था पनि आउने गरेको छ । कोभिड उपचारका क्रममा प्रयोग गरिने स्टेरोइड औषधिको प्रयोगका कारण म्यूकोर्माइकोसिस देखा परेको हुनसक्ने चिकित्सकहरूले बताएका छन् । मधुमेह भएका बिरामीमा यो ढुसीबाट सङ्क्रमण हुने ठूलो जोखिम छ ।

कोभिडबाट निको भएको १२ देखि १८ दिनमा ढुसीबाट सङ्क्रमण हुन सक्ने चिकित्सकहरूले बताएका छन् । अहिलेसम्म फेला परेका सङ्क्रमितमध्ये आधाभन्दा बढी पश्चिम भारतका गुजरात र महाराष्ट्र राज्यका छन् । अन्य १५ वटा राज्यमा पनि कालो ढुसीको सङ्क्रमण पुष्टि भएको छ ।

सङ्क्रमितको संख्या बढ्न थालेकाले भारतका २९ वटा राज्यलाई म्यूकोर्माइकोसिससलाई प्रकोप घोषणा गर्न भनिएको छ । इन्दोर शहरस्थित एउटा अस्पतालमा गत साता कालो ढुसी भएका आठ बिरामी थिए ।

उक्त अस्पतालमा कार्यरत डा. भीपी पाण्डेका अनुसार तीमध्ये ८० प्रतिशतभन्दा बढीलाई तत्कालत शल्यक्रिया गर्नुपर्ने देखिएको छ । कालो ढुसीको सङ्क्रमण अहिले कोभिड-१९ भन्दा बढी चुनौतीपूर्ण बनेको छ । बिरामीले समयमा राम्ररी उपचार नपाउने हो भने मृत्यदर ९४ प्रतिशतसम्म पुग्न सक्छ- उनले भने । उनका अनुसार यसको उपचार पनि महँगो छ तथा औषधिको अभाव छ ।

के हो म्यूकोर्माइकोसिस ?

यो एक प्रकारको निकै विरल देखिने सङ्क्रमण हो । यो सामान्यतया माटो, बोटबिरुवा, मल र कुहिएका फलफूल तथा तरकारीमा हुने म्यूकोर भनिने ढुसीसँगको संसर्गबाट सर्छ । यसले साइनस, मस्तिष्क र फोक्सोलाई असर गर्छ ।

मधुमेह वा प्रतिरोध क्षमता क्षीण बएका क्यान्सरका बिरामी वट एचआईभी एड्स भएका मानिसका लागि यो रोग प्राणघातक बन्न सक्छ । चिकित्सकहरूका अनुसार एम्फोटेरिसिन बी अथवा एम्फो-बी भनिने एन्टी-फङ्गल औषधि सुईबाट बिरामीमा प्रत्येक दिन आठ साता दिनुपर्छ ।

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेप्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।

सम्पर्क : ९८१४९६३४८८

चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राहयता ।

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०,
९८०४७३१५६८, ९८०४५६७८७२

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७१९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्य: ९८४२६२३१५२

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
दिन लाभदायक रहनेछ । सोखले खर्च बढाए पनि अतिथिको रूपमा सत्कार पाइनेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
आम्दानी बढाउने काम शुरु गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । साथीभाइबाट सहयोग मिल्नेछ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
सुख-दुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । आफन्तले पनि उत्साह जगाउनेछन् । कामले समाजमा स्थापित बनाउन सक्छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । चुनौति पन्छाएर पनि काम बनाउन सकिनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । काम बन्नाले मनग्गे लाभ हुनेछ । इर्ष्या गर्नेहरूले हार खानेछन् ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
व्यापार लगायत आर्थिक लाभ हुने नयाँ योजना शुभारम्भ गर्ने समय छ । समयले साथ दिनेछ भने प्रयत्न गरेका काम सजिलै सम्पादन हुने छन् ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
फाइदाको स्रोत पहिल्याउन सकिनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । प्रतिक्षा गरिएको नतिजा सबल रहनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
सन्तान वा अनुयायीले साथ दिनेछन् । हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला ।

मकर (भो, ज, [illegible]
अनावश्यक साझ[illegible]
छ । तापनि, शुभ[illegible]
सकिनेछ ।
कुम्भ (गु, गे, गो
प्रक्रिया दोहोऱ्याउ[illegible]
फाइदा हुनेछ ।
मीन (दि, दु, थ,
लगनशीलताले प[illegible]
हुनेछ । गुरुजनको[illegible]